# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः८ संख्याः७ प्रकाशन मितिः

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-२**

**म्याग्दे गाउँपालिकाको मजदुर सञ्चित कोष संचालन कार्यविधि-२०८१**

गाउँपालिकाबाट स्वीकृत मितिः२०८१/०६/१८

# म्याग्दे गाउँपालिका मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि, २०८१

## प्रस्तावनाः

समाजका हरेक सदस्यको आर्थिक सबलीकरण विना समग्र समाजको प्रगति सम्भव हुदैन। दैनिक मजदुरी गर्ने अधिकांश जनता गरिवीको रेखामुनि रहेका रहेका छन्। दैनिक ज्यालादारीमा काम गर्ने मजदुरको सम्पूर्ण आम्दानी दैनिक घरखर्चमा खर्च भईरहेको अवस्थामा मजदुरको बचत गर्ने बानिमा विकासको माध्यमबाट सामाजिक सूरक्षाको प्रत्याभूति गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ३४ श्रमको हक तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ 'च' मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न दफा ११ को उपदफा ७ को अधिकार प्रयोग गरी म्याग्दे गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

# परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "म्याग्दे गाउँपालिका मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि,२०८१"रहनेछ।

ख) "प्रारम्भ" यो कार्य विधि कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागूहुनेछ।

**२. परिभाषा र व्याख्याः**

(क) "प्रमुख" भन्नाले गाउँपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले म्याग्दे गाउँपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ)"कार्यपालिका" भन्नाले म्याग्दे गाउँकार्यपालिका सम्झनुपर्छ।

(च) "आयोजना सञ्चालन कर्ता" भन्नाले उपभोक्ता समिति मार्फत भएको काममा सो उपभोक्ता समिति र निर्माण व्यवसायी द्वारा भएको काममा सम्वन्धित निर्माण व्यवसायी सम्झनु पर्छ।

(छ) "सार्वजनिक विकास निर्माणको कार्य" भन्नाले गाउँपालिका भित्र सरकारी, गैर सरकारी तथा अन्य क्षेत्रबाट सञ्चालित सार्वजनिक विकास निर्माणको कार्य सम्झनु पर्दछ।

(ज)"मजदुर" भन्नाले पारिश्रमिक लिई शारीरिक कार्य गर्ने १८ देखि ५९ उमेर समुहको कामदार सम्झनु पर्छ ।

(झ) "सूचीकृत मजदुर"भन्नालेयस कार्यविधिको दफा ४ बमोजिम सूचिकृत विपन्न मजदुर सम्झनु पर्छ ।

(ञ) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनुपर्छ।

(ट) "बैंक" भन्नाले यस कार्यविधि बमोजिमको सञ्चित कोष सञ्चालन गर्न गाउँ कार्यपालिकाले तोकेको बैंक सम्झनुपर्छ ।

# परिच्छेद२

## कार्यविधिको उद्धेश्य

३. कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

(१) दैनिक ज्यालादारी गर्ने मजदुरको बचत गर्ने वानिको विकास गरी सम्भावित संकटको जोखिम न्यूनिकरण गर्ने तथा वचतको माध्यमबाट आर्थिक सामाजिक विकास गरी सामाजिक सुरक्षा अभिवृद्धि गर्ने।

(२) मजदुरको परिवारको शिक्षा, स्वास्थ्य, आवास निर्माण, पोषणलगायतका आधारभूत आवश्यकता सूनिश्चितता गर्ने।

(४)मर्यादित रोजगारीको माध्यमबाट सम्मान पूर्वक जीवनयापनमा सहयोग गर्ने।

(५)वचतको परिचालन मार्फतस्थानिय स्तरमा श्रमको सम्मान गरी उत्पादकत्वमा अभिवृद्धि गर्ने।

(६)समाजमा विद्यमान सामाजिक आर्थिक विभेद अन्त्य गर्न।

(७)शारिरिक तथा आर्थिक रुपमासवल भएको अवस्थामा गरेको बचतअसहज परिस्थितिमा परिचालन गर्न।

(८)विपन्न मजदुरको तथ्याङ्क संकलन गरि आवश्यक लक्षित कार्यक्रम तयार गर्ने।

(९)सामाजिक विकास निर्माणको काममा स्थानिय मजदुरलाई प्राथमिकता सहित उपयोग गर्न।

# परिच्छेद३

## विपन्न मजदुर नामावली

**४. विपन्न मजदुर नामावलीमा सूचीकृत हुन आवेदन दिनेः(१)**दैनिक ज्यालादारीमा काम गर्ने मजदुरले विपन्न मजदुर नामावलीमा सूचीकृत हुन गाउँपालिकाबाट सूचनामा तोकिएको अवधिमा अनुसूची १ बमोजिमको ढाँचामा आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा गई निवेदन दिनु पर्नेछ।

**(२)**वडा कार्यालयमा प्राप्त निवेदन उपर दफा ११ बमोजिमको वडा स्तरीय विपन्न मजदुर सिफारिस समितिले अनुसूची ३ बमोजिमको अङ्क प्रदान गरि सूचीकृत हुने म्याद समाप्त भएको मितिले १५ दिन भित्र गाउँपालिकामा बुझाउनु पर्नेछ।

**(३)**वडाबाट प्राप्त निवेदन दफा ९ बमोजिमको गाउँपालिका स्तरीय मजदुर सञ्चित कोष सञ्चालन तथा विपन्न मजदुर छनौट समितिले आवश्यक परिमार्जन गरी विपन्न मजदुरकोअन्तिम नामावली प्रकाशन गर्नेछ।

**(४)**उपदफा ३ बमोजिमको सूचीकृत मजदुर उक्त आर्थिक वर्षको लागि विपन्न मजदुर सूचीमा रहनेछन्।

# परिच्छेद४

## मजदुर सञ्चित कोषमा सहभागिता तथा सञ्चालन

**५. सार्वजनिक विकास निर्माण कार्य गर्ने मजदुरको सहभागिताः(१)**सार्वजनिक विकास निर्माणकागाउँपालिका भित्र सञ्चालन गरिनेसम्पुर्ण कार्यमा संलग्न श्रमिकमध्येबाट गाउँपालिकाको विपन्न मजदुर नामावलीमा सूचीकृत मजदुर यो कार्यक्रममा सहभागि हुन सक्नेछन्।

**(२)**यस कार्यक्रमासहभागि हुन प्रत्येक श्रमिकको ज्याला भुक्तानी अनिवार्य रुपमाबैक खाता मार्फत हुनु पर्नेछ।

**(३)**आयोजना सञ्चालन कर्ताले सूचीकृत मजदुरको बैक खाता नम्वरसहितको अनुसूची२ बमोजिमको विवरण बैंकमार म्याग्देगाउँपालिकाकोएकिकृत सूचना व्यवस्थापनप्रणालिमा प्रविष्टिको लागि रोजगार सेवा केन्द्रमा वुझाउनु पर्नेछ।

**(४)**सूचीकृतमजदुरको खातामा जम्मा भएको रकमको विवरणको आधारमा गाउँपालिकाबाट ज्याला रकममा १५ %रकम मजदुर सञ्चित कोषबाट थप गरि सम्बन्धित श्रमिकको खातामा चौमासिकरुपमाभूक्तानी दिनु पर्नेछ।

**(५)**यस दफा बमोजिम श्रमिकको खातामा जम्मा भएको श्रमिकको ज्याला वापतको १५ प्रतिशत र गाउँपालिकाबाट थप भएको १५ प्रतिशत रकम दफा ४ वा ५ बमोजिमको सिफारिस विना बैंकलेभुक्तानि दिने छैन।

**६. सूचिकृत भएको प्रमाणपत्रः(१)**दफा ५ बमोजिमको प्रक्रिया पूरा भए पश्चात मजदुरले गाउँपालिकाबाटअनुसूची ४ को ढाँचामा मजदुर सञ्चितकोषमासूचिकृत भएको परिचयपत्र प्राप्त गर्ने छन्।

**७. बैंक खाता सञ्चालनः(१)** यस कार्यक्रम अन्तर्गत मजदुरको बैंक खाता सञ्चालनको सम्बन्धी व्यवस्था गाउँपालिका र गाउँकार्यपालिकाले तोकेको बैंक बीच द्विपक्षीय सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

# परिच्छेद ५

### संचितकोषबाटको रकम भुक्तानीसम्वन्धि व्यवस्था

**८.वडा अध्यक्षको सिफारिसको आधारमा भुक्तानीः(१)**मजदुरले आफ्नो सञ्चितकोषमा जम्मा भएको रकम निकाल्नको लागि उक्त रकमकोअत्यावश्यकताको पूष्टी हुने कारणको प्रमाण सहित वडा अध्यक्षलाई निवेदन दिनु पर्नेछ।

(२)सम्वन्धित मजदुरबाट रकम भुक्तानीको लागि निवेदन प्राप्त भएपछि ७ दिन भित्र वडा अध्यक्षले आवश्यकता हेरी दिनु पर्ने देखिएमा सिफारिस दिने तथा तत्काल रकम अत्यावश्यक नभएकोमा पाईएमासम्बन्धित व्यक्तिलाई मौखिक वा लिखित रुपमा जानकारी गराउनु पर्नेछ।

(३) रकम निकासाको लागि सिफारिस देहायका आधार मा दिनु पर्नेछ

क) प्राकृतिक प्रकोप,

ख)महामारी

ग)व्यवसाय स्थापना,

घ)शिक्षा, तालिम प्राप्त गर्न,

ङ)स्वास्थ्य, उपचार गर्न,काज किरिया र अन्यअत्यावश्यक सामाजिक कार्य,

च)आवास निर्माण लगायतका अन्यआर्थिक समस्या,

छ)मजदुरले म्याग्देगाउँपालिकाबाट स्थायी वसाईसराई गरेको,

ज)मजदुरको मृत्यु भएमा,

(४) मजदुरको मृत्यु भएको अवस्थामा बैंकको प्रचलित नियम अनुसार हकवालाले खातामा रहेको रकम पाउने छ।

**९. गाउँपालिका अध्यक्षको सिफरिसमा निकासाः(१)**प्राकृतिक प्रकोप लगायतकाविशेष परिस्थितिमा गाउँपालिका अध्यक्षको सिफारिस पत्रमा उल्लेखित केही मजदुरको वा सम्पूर्ण मजदुरको रकम बैंकलेभुक्तानी दिन सकिनेछ।

# परिच्छेद ६

## मजदुर सञ्चित कोष सञ्चालन तथा विपन्न मजदुर छनौट समितिसम्बन्धी व्यवस्था

**१०. मजदुर सञ्चित कोष सञ्चालन तथा विपन्न मजदुर छनौटसमितिः**

(१) मजदुर सञ्चित कोषको सञ्चालन व्यवस्थापन तथा प्राप्त आवेदनबाट विपन्न मजदुरको छनौट लगायतका कार्य गर्न गाउँपालिकामा एकमजदुर सञ्चित कोष सञ्चालन तथा विपन्न मजदुर छनौट समितिरहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमकासदस्यहरू रहने छन्ः–

(क) प्रमुख-अध्यक्ष

(ख) उपाध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक-सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख -सदस्य

(छ) रोजगार संयोजक -सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रकोविशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको सचिवालय गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रहनेछ ।

११**. मजदुर सञ्चित कोष सञ्चालन तथा विपन्न मजदुर छनौट समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) मजदुर सञ्चितकोषको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने ।

(ख) वडाबाट प्राप्त आवेदन उपर आवश्यक अध्ययन गरी वडाबाट दिईएकोअनुसूचि ३ बमोजिमको अङ्क पुनरावलोकन गरी विपन्न मजदुरको अन्तिम सूची प्रकाशन गर्ने।

(ग) मजदुर सञ्चितकोषमा लक्षित मजदुरलाईसहभागी गराउन आवश्यक नीति निर्माण गर्ने र निर्णय कार्यान्वयन गर्ने गराउने।

(घ) मजदुर सँग सम्बन्धित आवश्यक देखिएको अन्य कार्यगर्ने ।

## १२. विपन्न मजदुर सिफारिस समितिः

(१) विपन्न मजदुर सूचीमा सूचीकृत हुन प्राप्त निवेदनको आधारमा आवश्यक अध्ययन गरी वास्तविक विपन्न मजदुर छनौट गर्न गाउँपालिकाको प्रत्येक वडामा विपन्न मजदुर सिफारिस समितिरहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजकासदस्यहरु रहने छन्ः–

(क) सम्बन्धित वडाको वडा अध्यक्ष- अध्यक्ष

(ख) सम्बन्धित वडाको दलित क्षेत्रबाट प्रतिनिधित्व गर्ने वडा सदस्य -सदस्य

(ग) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रकोविशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको सचिवालय सम्वन्धित वडा कार्यालयमा रहनेछ ।

१३.**विपन्न मजदुर सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि बाहेक विपन्न मजदुर सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) विपन्न मजदुर सूचीमा सूचीकृत हुन प्राप्त निवेदनको आधारमा आवश्यक अनुसन्धान गरी वास्तविक विपन्न मजदुर छनौट गर्न अनुसूची ३ बमोजिमको अङ्क प्रधान गरी विपन्न मजदुर सूचिमा सूचीकृत गर्न आवश्यक देखिएका मजदुरलाई दफा ९ बमोजिमको समितिलाई सिफारिस गर्ने।

(२) लक्षित विपन्न मजदुरलाई सूचीकृत हुन तथा मजदुर सञ्चित कोषमा आबद्ध हुन प्रोत्साहन गर्ने।

# परिच्छेद ७

# बिबिध

**१४. कारबाही तथा असूलउपरः**यस कार्यविधि विपरीत तथा झुठा विवरण पेश गरेकोतथा वास्तविक मजदुर वाहेकअरुको नाम राखेको जानकारी हुन आएमासम्बन्धित आयोजना सञ्चालनकर्ता व्यक्ति तथा पदाधिकारिबाट सरकारी बाँकी सरहअसूलउपर गरिनेछ ।

१५.**ज्यालादरः**मजदुरको ज्यालादरगाउँपालिकाले तोकेको स्थानीय दररेट बमोजिम हुनेछ।

१६. मजदुर सञ्चित कोषमा सहभागी हुन म्याग्देगाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ।

१७. **प्राथमिकता दिनु पर्नेः** सार्वजनिक विकास निर्माणको काममा गाउँपालिकाको विपन्न मजदुर नामावलीमा सूचीकृत, दलित तथा बेरोजगार व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

**1८. सहयोग गर्नुपर्ने** : यस कार्यविधि बमोजिम मजदुर सञ्चित कोष सञ्चालनमा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

**1९. व्याख्या गर्ने अधिकार**: यस कार्यविधिमा भएको कुनै व्यवस्था अस्पष्ट भई व्याख्या गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले सोको अन्तिम व्याख्या गर्नेछ।

**२०. कार्यविधि संशोधन गर्न सक्ने**: गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**२१. वाधा अड्काउफु काउने**: यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

प्यारे गाउँपालिका

**निवेदन दर्ता नं :**

# अनुसूची १

## ( दफा ४ सँग सम्वन्धित)

**विपन्न मजदुर दर्ताका लागि दिने निवेदनको ढाँचा**

मितिः २०...../...../......

श्री वडा कार्यालय,

वडा नं.........

म्याग्दे गाउँपालिका, तनहुँ

विषयः विपन्न मजदुर सूचीमा सूचीकृत हुने बारे।

प्रस्तुत विषयमा यस म्याग्दे गाउँपालिकामा मजदुर सञ्चितकोष सञ्चालनको लागि विपन्न मजदुर नामावलीमा सूचीकृत हुन निवेदन आह्वान गरिएकोमा **म्याग्दे गाउँपालिका मजदुर सञ्चितकोष कार्यविधि २०८१** बमोजिमको शर्तमा मञ्जुर भई म उक्त सूचीमा सूचीकृत हुन इच्छुक भएकोले उक्त सूचिमा सूचीकृत गर्नु हुन अनुरोध गर्दछु।

निवेदक

हस्ताक्षरः...................................

नामः..........................................

ठेगानाः......................................

मोवाईलनः...............................

म्याग्दे गाउँपालिका

# निवेदन फारम

फोटो

१. **नाम, थर**:.....................................................................................................
२. **नागरिकता नः......................................................जारी जिल्ला..............................**
३. **बाबुको नामः......................................................... आमाको नामः..............................................**
४. **वैवाहिक अवस्थाः**क) विवाहित ख) अविवाहित
५. **लिङ्ग**: क) पुरुष ख) महिला ग) अन्य
६. **टोलः............................................मोबाइल नं. ......................................**
७. **कामको अनुभवः..............................................................अवधिः.........................................**
८. **शिक्षाः.............................................**
९. **तालिमः........................................................................... अवधिः.........................................**
१०. **पारिवारिक विवरण**:
११. (अ) **वर्ग / समूह**:
क) आदिबासीजनजातीख) दलित ग) वैश्य घ) मुसलमान ङ) ब्राह्मण च) क्षेत्री छ)मधेशी ज)अन्य .........
(उ) **परिवारको संख्या**: ......................
१८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्या:..........................

१२. कृषि उत्पादनले कति महिना खान पुग्दछ ? .............................. महिना

१३. **बसोबासका लागि आफ्नै घर:**क) छैन ख) छ (घरको प्रकार: पक्की /सिमेन्ट लगाएको/पिलर भएको /एक नाले /दुई तले/कच्चि /खरले छाएको /जस्ता पाताले छाएको )

१४.**परिवारमा अन्य सदस्य रोजगारीमा संलग्न**:(क) छैन (ख)छ (..........जना)

१५. गाउँपालिकामा सञ्चालन हुने मजदुर सञ्चितकोषमा संलग्न हुन ईच्छुक हुनु हुन्छ? छु छैन

उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: .............................................मिति: ................................................ हस्ताक्षर ...................................

१६. संलग्न कागजातः

| | | | | |
|---|---|---|---|---|
| | कागजात | | ंख्या | यत |
| | ी नागरिकताको प्रतिलिपि (अनिवार्य) | | | |
| | २ प्रति (अनिवार्य) | | | |
| | क योग्यताको प्रतिलिपि (उपलब्ध भएमा) | | | |
| | मको प्रमाणपत्र (उपलब्ध भएमा) | | | |
| | कागजातहरु | | | |
| जम्माकागजातहरु | | | | |

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ....................................................

उपरोक्त विवरणहरु पूर्ण छन् भनि प्रमाणित गर्ने

नाम: ....................................................  हस्ताक्षर ........................................

स्याङ्गे गाउँपालिका

# अनुसूची २

## ( दफा ५(३) सँग सम्वन्धित)

मितिः........./........./.......

बैंककोनामः...................................................

यस बैंकको म्याग्दे गाउँपालिका मजदुर सञ्चित कोषमा मितिः........./....../....देखि........./....../......सम्म जम्मा भएको रकमको व्यहोरा देहाय बमोजिम छ।

| . स. | दुरको नाम | खाता नं | ा<br>ला | ा ज्यालाको १५% | ़यत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |

.........................................................

**बैंक शाखा प्रवन्धक**

# अनुसूची ३

## ( दफा१३(१) सँग सम्वन्धित)

**विपन्न मजदुर छनौट अङ्क तालिका**

| क्र. स. | मजदुरको नाम | आफ्नै घर | ारिवारमा अन्य रोजगार | कृषि उत्पादनले खान पुग्ने महिना | श्रित परिवारको सदस्य संख्या | ज्म्मा |
|---|---|---|---|---|---|---|
| | | छैन(३०)/ छ(घरको वनावट नुसार १ देखि २० सम्म) | छैन(२०)/ छ(०) | प्राप्ताङ्क= ३६-खान पुग्नेमहिना*३ | प्रति आश्रित दस्यको २ अङ्क ढीमा १४ अङ्क) | १०० |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | | | | | | |
| १७ | | | | | | |
| १८ | | | | | | |
| १९ | | | | | | |
| २० | | | | | | |

## अनुसूची ४

## ( दफा ६ सँग सम्वन्धित)

मजदुर सञ्चितकोषमा सूचिकृत भएको प्रमाणपत्रको ढाँचा

म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तनहुँ

## <u>मजदुर सञ्चितकोषमा सूचीकृत प्रमाणपत्र</u>

सूचीकरण नं :- ........

**म्याग्दे** गाउँपालिका मजदुर सञ्चितकोष कार्यविधि, २०८१ बमोजिम मजदुर सञ्चित कोषमा.............................................................. लाई सूचिकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

मजदुरको नामः

दस्तखतः.........................

नामः...............................

Website: https://myagdemun.gov.np email: myagderumun@gmail.com

# म्याग्दे गाउँ कार्यपालिकाको कार्यालय

## म्याग्दे, तनहुँ।

# द्विपक्षीय संझौता पत्र।

म्याग्दे गाउँपालिका म्याग्दे (यसपछि प्रथम पक्ष भनिएको) र प्राईमकमर्सियलबैंकम्याग्दे शाखा (यस पछि दोस्रो पक्ष भनिएको) बीच म्याग्दे गाउँपालिका मजदुर सञ्चित कोष सञ्चालन कार्यविधिको दफा ७ बमोजिम देहायका शर्तहरु पालना गर्ने गरी दुबै पक्ष बीच समझदारी भई यो द्विपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरी लियौ/ दियौ।

शर्तहरुः

१. दोस्रो पक्षलेप्रथम पक्षले उपलब्ध गराएको सूचीकृत विपन्न मजदुरको शून्य मौज्दातमा बैंक नियमानुसारका खाता खोल्नु पर्नेछ।

२. उक्त खातामा मजदुरले सार्वजनिक विकास निर्माणको काम गरे वापतको रकम जम्मा हुनेछ, मजदुरको ज्याला रकम गाउँपालिकको प्राविधिकबाट प्रमाणित डोर हाजिरीको आधारमा हुनेछ।

3. मजदुरले अन्य ज्याला बाहेक अन्य रकम जम्मा गर्न चाहेमा रकम जम्मा गर्न सकिने छ।

4. दोस्रो पक्षले पहिलो पक्षलाई चौमासिक रूपमा प्रत्येक श्रमिकको खातामाशर्त २ बमोजिम जम्मा भएको ज्याला वापतको रकमको विवरण उपलब्ध गराउनेछ ।

५. प्रथम पक्षले दोस्रो पक्षबाट प्राप्त विवरणको आधारमा प्रत्येक श्रमिकको खातामा जम्मा ज्याला बापतको रकमको थप १५ % प्रतिशत रकम जम्मा गर्नेछ।

६ दोस्रो पक्षले खातामा जम्मा भएको ज्याला रकमको १५ % र प्रथम पक्षबाट जम्मा गरिएको थप १५% रकम समेतखातामा रोक्का(Held) गरी राख्नु पर्नेछ।

७. दोस्रो पक्षले मजदुरलाई शर्त ६ अनुसार रोक्का गरेको रकम **म्याग्दे गाउँपालिका मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि**को परिच्छेद ५ बमोजिम मजदुरको स्थायी बसोबास भएको वडाको वडा अध्यक्ष वा गाउँपालिका अध्यक्षको सिफारिसको आधारमा मात्र दिनु पर्नेछ तर ज्याला रकमको बाँकी ८५% रकम र मजदुरले अन्य स्रोतबाट जम्मा गरेको रकम मजदुरले चाहेको समयमा बैंकको नियमानुसार भूक्तानि दिन कुनै बाधा पर्ने छैन।

८. यस सम्झौतामा उल्लेख नभएका कुराहरु म्याग्दे गाउँपालिका मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि र प्रचलित कानूनवमोजिम हुनेछ।

प्रथम पक्षको तर्फवाटदोस्रो पक्षका तर्फवाट

| | |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नाम थरः- | नाम थरः- |
| दर्जाः-प्रमुख प्रशासकिय अधिकृत | दर्जाः शाखा प्रवन्धक |
| म्याग्दे गाउँ कार्यपालिकाको कार्यालय | लक्ष्मी सनराइज बैंक म्याग्दे शाखा |

आज्ञाले
नारायण प्रसाद अधिकारी
प्रमखु प्रशासकीय अधिकृत